सोसेक नेपाल

Deep Boring सम्बन्धी काम तथा सामग्री खरिदका लागि

बोलपत्र

जारि गर्ने

सोसेक नेपाल खरिद समिति, दैलेख

आधिकारिक हस्ताक्षर: ....
मिति: २०८३ /० ७/ १० गते

बिषय–सूचि

खण्ड १	
१. बोलपत्र आव्हानको सूचना	
खण्ड २	4
२. बोलपत्र दातालाई निर्देशन (Instruction to bidder)	4
खण्ड ३	10
३.१ बोलपत्र तथ्यांक सम्बन्धी विवरण (bid data sheet)	10
३.२ मूल्याङ्कन र योग्यता मापदण्ड	12
३.३ बोलपत्र दाताको जानकारी सम्बन्धी विवरण	12
खण्ड ४	12
४.१ सम्झौताका सामान्य शर्तहरु (general condition of contract)	12
खण्ड ५	16
५.१ सम्झौताका विशेष शर्तहरु (special condition of contract)	16
खण्ड ६	16
६.१ प्राविधिक विशिष्टीकरण (technical specification)	16
खण्ड ७	16
७.१ बोलपत्र फारम र मूल्य तालिका	16
७.१.१ बोलपत्र पेश गरेको निवेदन	16
७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचि]]	18
खण्ड ८	22
८.१ सामाग्री ढुवानी तथा ढुवानी तालिका (delivery schedule and transportation)	22
खण्ड ९	22
९. नमूना फारमहरु	22
अनुसुची	46
अनुसुची १ : योजना अनुसारको सामाग्रीहरुको परिमाणको विवरण	102

सोसेक नेपाल खरिद समिति

दैलेख

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना: मिति: २०८३ /० ७/ १० गते

'स्टार्ट फन्ड' (Start Fund) को आर्थिक सहयोगमा, 'सोसेक नेपाल' (SOSEC Nepal), 'इस्लामिक रिलिफ' (Islamic Relief) र 'कार्ड्सएन' (CARDSN) साझेदार संस्थाहरूको समूह (कन्सोर्टियम) द्वारा रसुवा र नुवाकोट जिल्लामा सञ्चालित 'एन-३० नेपाल' (N-30 Nepal) परियोजनामा (भोटेकोशी आकस्मिक बाढी २०२६ सम्बन्धी प्रतिकार्य) Deep Boring सम्बन्धी काम तथा सामग्री खरिद गर्नुपर्ने भएकोले बोलपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएकोछ।

शर्तहरु:

१. बोलपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ।
बोलपत्र पाइने स्थान: सोसेक नेपाल, केन्द्रीय कार्यालय, नारायण नगरपालिका, दैलेख वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर

२. अथवा, बोलपत्र डाउनलोड संस्थाको वेब साइट वा सूचनाको लिङ्कबाट गर्न सकिन्छ।
बोलपत्र डाउनलोड प्राप्त गर्न वा केही समस्या भएमा जिब्रराज रेग्मी – ९८६८०९१५१७, भपेन्द्र कठायत- ९८४४८९७७८६, टीकाराम सापकोटा – ९८५८०७६३८७, संजोग मुखिया -९८६१२१२५२६ मा सम्पर्क गर्न सकिनेछ

३. बोलपत्र बुझाउने अन्तिम मिति र स्थान: बोलपत्र बुझाउने अन्तिम मिति: २०८३/०७/ १६ गते (२ November २०२६) दिउसो १:०० बजे भित्र

४. बोलपत्र बुझाउने स्थान: सोसेक नेपाल, केन्द्रीय कार्यालय, नारायण नगरपालिका, दैलेख वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर, वा सोसेकको इमेल : procurement@sosec.org.np मा यस बोलपत्रको सम्पुर्ण कागजपत्रलाई PDF बनाई पठाउन समेत सकिने छ। म्याद नाघी वा रित नपुगी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

५. बोलपत्र पेश गर्ने सप्लायरले सोसेक नेपाल खरिद समिति गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ। अन्य कागजमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन।

६. बोलपत्र खोल्ने मिति, समय र स्थान:
मिति: २०८३/०७/ १६ गते गते दिउसो २:०० बजे यदि सो मितिमा सार्बजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट खोलिने छ l
स्थान: सोसेक नेपाल, केन्द्रीय कार्यालय नारायण, दैलेखको कार्यालय वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर
बोलपत्र बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. Deep Boring सम्बन्धी काम तथा सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भैई सोसेक नेपालको कर्मचारी तथा उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गरिने छ।

८. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ।

९. बोलपत्र पेश गर्दा बोलपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट १५० दिन मान्य अवधि (बोलपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत **सिलबन्दी** बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : SOSEC Nepal
Adress: Narayan Municipality-1 Dailekh
जमानत रकम रु. : आफुले कबोल गरेको कुल रकमको २.५% ले हुन आउने रकम **नेपाल सरकार द्वारा मान्यता प्राप्त राष्ट्रियस्तरको बैकद्धारा जारी भएको बैक जमानत पत्र** सिलबन्दी खाममा बोलपत्र साथ पेश गर्नु पर्ने छ।

१०. दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस **सोसेक नेपाल खरिद समिति,** दैलेखमा सुरक्षित रहनेछ।

खण्ड २

२. बोलपत्रदातालाई निर्देशन (Instruction to bidder)

१. खरिद गरिने विषयको क्षेत्र	१.१ यस बोलपत्र (Tender) सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन र परिमाणको सुचि अनुसारको सामाग्री खरिद गर्न गराउन यो बोलपत्र आव्हान गरिएको छ। सफल बोलपत्रदाताले बोलपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भए बमोजिम सामाग्रीहरु आपूर्ति गर्न तथा त्यससँग सम्बन्धित सेवा प्रदान गर्नु पर्नेछ।
२. बोलपत्र लागु हुने अवस्था	२.१ Deep Boring सम्बन्धी काम तथा खरिद सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेका अवस्थामा बाहेक खरिद सम्झौताको सामान्य शर्तमा उल्लेख भएका कुराहरु लागु हुनेछन।
३. बोलपत्रदाताको योग्यताs	३.१ सूचना बमोजिम बोलपत्र पेश गर्ने बोलपत्र सम्बन्धी विवरणमा उल्लेखित प्रमाण, कागजातहरु पेश गर्ने सबै आपूर्तिकर्ताहरु कानून बमोजिम भएको मानिनेछ। ३.२ सामाग्री खरिदको काम कारवाहीमा समावेश हुने बोलपत्रदाताले खरिद सम्झौता प्राप्त गरेमा सफलता पूर्वक सम्झौता कार्यान्वयन गर्न सक्षमता प्रमाणित गर्न बोलपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ। ३.३ बोलपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको सामाग्रीको औद्योगिक उत्पादनको प्रमाण कागजात आवश्यक भएमा पेश गर्नु पर्नेछ। ३.४ बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ।
४. एउटा बोलपत्रदाताले एउटा प्याकेजमा एक मात्र बोलपत्र पेश गर्न पाउने	४.१ एक बोलपत्रदाताले एक मात्र बोलपत्र पेश गर्न सक्नेछ। एक बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै बोलपत्रहरु रद्द हुनेछन।
५. बोलपत्र सम्बन्धी कागजातका बिषयहरु	५.१ बोलपत्र सम्बन्धी कागजातमा देहायमा उल्लेखित कागजातहरु रहनेछन: (क) बोलपत्र आह्वानको सूचना (ख) बोलपत्रदातालाई निर्देशन (ग) बोलपत्र तथ्यांक सम्बन्धी विवरण (घ) फारामका नमूनाहरु: बोलपत्र पेश गरेको निबेदन फाराम र खरिद सम्झौताको फाराम (ङ) खरिद सम्झौताका सामान्य शर्तहरु (च) खरिद सम्झौताको विशेष शर्तहरु (छ) आपूर्ति तालिका

	(ज) प्राविधिक विशिष्टीकरण (technical specification) (ञ) कार्य परिमाण सुचि (bill of quantity or price schedule) (ट) जमानत फारामका नमूनाहरु: बोलपत्र जमानत, कार्य सम्पादन जमानत तथा पेश्कि भुक्तानीका लागि जमानत,
६. बोलपत्रको भाषा	६.१ बोलपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली र अंग्रजी भाषामा हुनेछ।
७. बोलपत्रको मुद्रा	७.१ बोलपत्रको मुद्रा नेपाली रुपैयाँ हुनेछ र खरिद सम्झौता बमोजिमका भुक्तानी समेत नेपाली रुपैयाँमा गरिनेछ।
८. बोलपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने	८.१ बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै कुरामा द्विविधा वा जिज्ञासा भएमा स्पष्ट गरी दिन बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएका समयावधी भित्र सोही विवरणमा उल्लेख भएको ठेगानामा लिखित रुपमा अनुरोध गर्न सकिनेछ।
९. बोलपत्र पेश गर्न पूर्वको बैठक	९.१ बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवस्थामा सोही विवरणमा उल्लेख भएको मिति, समय र स्थानमा बोलपत्र पेश गर्ने अन्तिम दिनभन्दा कम्तीमा 3 दिन अगावै मिति २०८३ कार्तिक १३ गते (30 October २०२६), दिउसो **११ बजे** बोलपत्र पेश गर्नु पूर्वको बैठक **गरिनेछ**। ९.२ बोलपत्र पेश गर्न पूर्वका बैठकमा बोलपत्रदाताले खरिदकर्ता समक्ष कागजातमा उल्लेख भएका खरिद कारबाही सम्बन्धी कुनै प्रश्न वा जिज्ञासा राख्न सक्नेछन र खरिदकर्ताले प्रश्नकर्ताहरुको बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने सबै बोलपत्रदाताहरुलाई त्यस्तो प्रश्न वा जिज्ञासाको जवाफ दिनु पर्नेछ।
१०. बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्न सकिने	१०.१ बोलपत्रदाताको जिज्ञासालाई सम्बोधन गर्नका लागि वा अन्य कारणले गर्दा खरिदकर्ताले बोलपत्र अनुसार पेश गरेमा अन्तिम मिति अघि बोलपत्र सम्बन्धी कागजातमा हेरफेर गरि बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्न त्यस्तो कागजात खरिद गर्ने पयानेछईना। १०.२ यसरी बोलपत्र सम्बन्धी कागजातमा कुनै हेरफेर वा संशोधन गरिएको भएमा त्यस्तो हेरफेर वा संशोधन समेत बोलपत्र सम्बन्धी कागजातको अभिन्न अंश हुनेछ।
११. गुणस्तरको निश्चितता तथा आपूर्ति	११.१ Deep Boring सम्बन्धी काम तथा **सामाग्रीहरुको विवरण** प्राविधिक **बिशिष्टिकरण** (Technical specification) मा उल्लेख भए बमोजिम गुणस्तरीय सामानहरु आपूति गर्नु पर्नेछ। ११.२ बोलपत्रमा उल्लेख भएका सामाग्रीहरु नेपाल वा विदेशी राष्ट्रको मान्यता प्राप्त निकायले प्रदान गरेको मापदण्ड बमोजिम गुणस्तर चिन्ह प्राप्त गरेको हुनु पर्नेछ। ११.३ कुनै अतिरिक्त खर्च **बिना** प्रस्तावित खरिदका लागि निर्धारित गुणस्तर (स्पेसिफिकेशन) बमोजिमका सामान हो होइन भन्ने निश्चित गर्न निरीक्षण, परीक्षण गर्न पाउने अधिकार खरिदकर्तालाइ हुनेछ। उक्त निरीक्षण, परीक्षण आपुर्तिकर्ताको गोदाम वा पसल वा ढुवानी गर्नु पर्ने स्थानमा हुन सक्नेछ। उक्त निरीक्षण, परीक्षणका लागि खरिदकर्ताले प्रतिनिधि तोक्न सक्ने छ। साथै सामाग्री ढुवानी पुर्व वा ढुवानी हुने स्थानमा सामाग्री चेक जांच गराउने जिम्मेवारी आपुर्तिकर्ताको पनि हुनेछ। ११.४ निरीक्षण, परीक्षण गरिएको कुनै सामान स्पेसिफिकेशन बमोजिम रहेको छ भन्ने कुरा सुनिश्चित नभएमा खरिदकर्ताले यस्तो सामान अस्वीकार गर्न सक्नेछ र आपूर्तिकर्ताले त्यस्का सट्टा स्पेसिफिकेशन बमोजिम हुनेगरी त्यस्तो सामान प्रतिस्थापन गर्नु पर्नेछ।
१२. कबोल मूल्य	१२.१ बोलपत्रदाताले खरिद सम्झौता अन्तरगत आपूर्ति गरिने सामाग्रीको मूल्य परिमाण सुचिमा उल्लेख भएका सबै आईटमको प्रति इकाइ मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्नेछ। १२.२ बोलपत्रदाताले सामाग्रीको दररेट प्रचलित बजार मूल्यको शत प्रतिशत भन्दा बढी वा अस्वभाविक दर उल्लेख गरेको पाइएमा त्यस्तो बोलपत्र रद्द गर्न सकिनेछ।

	१२.३ कबोल मूल्यमा खरिद सम्झौता बमोजिम बोलपत्रदाताले तिर्नुपर्ने (मू.अ. कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ । १२.४ बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ । मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मका अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मुल्य परिवर्तनलाई मानिने छैन । १२.५ वोलपत्रदाताले दर कवोल गर्दा तोकिएको ढुवानी गर्ने स्थान सम्मको ढुवानी रकम सामावेश गरि दर कवोल गर्नु पर्नेछ ।
१३. बोलपत्रको मान्य अवधि	१३.१ बोलपत्रको मान्य अवधि (बोलपत्रमा उल्लेखित मूल्यदरहरु) बोलपत्र खोलिएको मिति देखि गणना हुने गरी बोलपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवधिसम्म मान्य रहनेछ ।
१४. बोलपत्र जमानत	१४.१ वोलपत्रदाताले बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको रकम र मान्य अवधिमा नघटने गरी बोलपत्र जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ । बोलपत्रदाताले बोलपत्र जमानत पेश गर्दा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएका शर्त रहित वोलपत्र जमानतको बैंक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ । १४.२ बोलपत्र जमानत देहायको अवस्थामा जफत हुनेछ : (क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पछि बोलपत्र मान्य हुने अवधि भित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्ने वा फिर्ता गर्न माग गरेमा, (ख) बोलपत्रमा देखिएका अंकगणितीय त्रुटी सच्च्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा, (ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा, (घ) बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित कार्यसम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा, (ङ) बोलपत्र परीक्षणको सिलसिलामा खरिदकर्ताले माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रका मुल्य वा सारभुत कुरा परिवर्तन गरेमा, (च) प्रचलित कानून बमोजिम बोलपत्रदाताको आचरण विपरित काम गरी कालो सुचिमा राखिएमा ।
१५. संयुक्त उपक्रम (joint venture)	१५.१ यस खरिद प्रक्रियामा संयुक्त उपक्रम (joint venture) लाई मान्यता दिइएको छैन । साथै, संयुक्त उपक्रम वनाई बोलपत्र पेश भएमा त्यस्तो बोलपत्रलाई रद्द गरिनेछ ।
१६. बोलपत्रमा हस्ताक्षर गर्नु पर्ने	१६.१ बोलपत्रको प्रत्येक पेजमा नमेटिने मसीले लेखिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर र छाप लगाएको हुनुपर्नेछ । १६.२ बोलपत्र अन्तर्गत ७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचिमा लेखिएका कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरी छाप लगाइएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ । अन्य कागजमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन । १६.३ दरहरू उल्लेख गर्दा बोलपत्रमा केरमेट वा टिपेक्स वा अन्य मेटाउने सामाग्रीहरू प्रयोग गरिएको भएमा त्यस्तो बोलपत्रहरु रद्द हुन् सक्नेछन । दरहरू उल्लेख गर्दा गल्ती भएमा एक पटक काटेर दरहरू पुन: लेखी आधिकारिक हस्ताक्षर र फर्मको छाप लगाएको छ भने उक्त बोलपत्रलाई मान्यता दिन सक्नेछ अन्यथा रद्द गर्न सक्नेछ ।
१७. शिलवन्दी गरी खाम बाहिर लेख्न पर्ने कुरा	१७.१ बोलपत्रदाताले बोलपत्र पेश गर्न अघि खामबन्दी गरी लाहाछाप लगाउनु पर्नेछ र खामका वाहिर बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भए बमोजिम "समिति वा संयुक्त खरिद समितिको

SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless

	नाम र ठेगाना", "सामाग्री आपूर्ति सम्बन्धी बोलपत्रको प्याकेज नम्बर", " बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना" व्यहोरा उल्लेख गर्नु पर्नेछ।
१८. बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान	१८.१ बोलपत्रदाताले बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित मिति, समय र स्थान भित्र खरिदकर्ता समक्ष बोलपत्र दाखिला गर्नु पर्नेछ। १८.२ बोलपत्र पेश गर्दा बोलपत्र सम्बन्धी कागजातमा निर्धारित ढांचामा भरी आफैंले वा आफना प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत पेश गर्नु पर्ने स्थान, अन्तिम मिति र समय भित्र पेश गर्नु पर्नेछ। हुलाक वा कुरियर मार्फत पेश भएकोमा म्याद नाघी प्राप्त हुन आएमा त्यस्तो बोलपत्र उपर कुनै कारबाही गरिने छैन। १८.३ बोलपत्र सहित सम्पूर्ण कागजात सिलबन्दी गरि लाहाछाप लगाई पेश गर्नुपर्ने छ। १८.४ दर्ता भइसकेको अवस्थामा बोलपत्र फिर्ता वा संसोधन गर्न पाइने छैन।
१९. बोलपत्र खोल्ने मिति, समय, स्थान र बोलपत्र खोल्ने प्रक्रिया	१९.१ दाखिला भएका बोलपत्रहरु बोलपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छन्। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएका कारणले खोल्न बाधा पर्ने छैन। १९.२ खरिदकर्ताले दाखिला भएका बोलपत्रहरु मध्ये क्रमैसंग खोली देहायको कुरा पढेर सुनाइ सोको मुचुल्का तयार गर्नु पर्नेछ र खोल्ने कार्यमा संलग्न पदाधिकारीहरु तथा उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिको उपस्थिति गराउन पर्नेछः– - आपुर्तिकर्ता, फर्म वा कम्पनिको नाम र ठेगाना, - संलग्न गरिएको कागजातहरुको विवरण, - कुल कबोल अङ्क, - कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा वा शंसोधन सम्बन्धि अतिरिक्त कुनै व्यहोरा, - बोलपत्रमा कुनै कैफियत उल्लेख गरेको भए सोको व्यहोरा,
२०. आवश्यक जानकारी माग गर्न सकिने	२०.१ खरिदकर्ताले बोलपत्रको परीक्षण वा मूल्याङ्कनको सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ। २०.२ खरिदकर्ताले माग गरेको जानकारी सम्बन्धित बोलपत्रदाताले खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न पाइने छैन।
२३. मुल्याङ्कन प्रक्रिया गोप्य रहने	२३.१ सफल बोलपत्रदातालाई दरभाउ स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म बोलपत्रहरुको परीक्षण, मूल्याङ्कन र तुलना, बोलपत्रदातासंग माग भएको जानकारी तथा स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ। २३.२ बोलपत्र खोलेको समय देखि स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रको सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासँग सम्पर्क गर्ने वा परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गरेमा निजको बोलपत्र रद्द हुनेछ।
२४. पूर्णताको परीक्षण	२४.१ खरिदकर्ताले बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएका सम्बन्धमा देहाय बमोजिम मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्न सक्नेछः - बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको, - बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमका किसिम, अवधि र रकमका जमानत संलग्न भए वा नभएको, - बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए वा नभएको, - सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको, - माग भए बमोजिमका मान्य अवधि भए, वा नभएका,

	- सारभूतरुपले असर गर्ने शर्त राखी बोलपत्र पेश भए वा वा नभएको, - खरिदकर्ताले माग गरेको अन्य कागजात पेश भए वा नभएको,
२५. अंक गणितीय त्रुटी सच्याउन सकिने	२५.१ बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा खरिदकर्ताले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा इकाइ दर र कूल रकममा भिन्नता भएमा इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ । २५.२ बोलपत्रमा उल्लेख गरेको ईकाइ दरमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएका रकम मान्य हुनेछ । खरिदकर्ताले त्रुटी सच्याएकोमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई दिईनेछ । २५.३ बोलपत्रमा देखिएका अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा निजका बोलपत्र रद्द गरी जमानत जफत गर्न सक्नेछ ।
२६. मूल्याङ्कन तथा तुलना	२६.१ बोलपत्रको मूल्याङ्कन कागजातमा उल्लिखित सवै शर्तहरु तथा प्राबिधिक स्पेशिफिकेशनको सोही कागजातमा उल्लिखित आधार र तरिका अनुसार परीक्षण गरी सारभूतरुपमा प्रभावग्राही भए नभएको मूल्याङ्कन गर्नेछ । २६.२ बोलपत्रदाताले सन्तोषजनक रुपमा सामाग्री आपूर्ति गर्न नसक्ने गरी अस्वाभाविक न्यून दर उल्लेख गरेको वा सामाग्रीको प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेका भएमा सम्बन्धित बोलपत्रदातासँग स्पष्टीकरण माग गर्न सकिनेछ । सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक भएमा त्यस्ता बोलपत्रदातासँग निजको कबोल अङ्कको दश प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सकिनेछ र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सकिनेछ । २६.३ Deep Boring सम्बन्धी काम तथा खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पूरा गरेको प्रत्येक सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्र निधारण गर्नू पर्नेछ । २६.४ न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यता जाँच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो बोलपत्र न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । २६.५ **प्राबिधिक मुल्याङ्कन निम्नानुसार गरिनेछ ।**

SN.	Capability Criteria		Scores
1	**Goods/materials Quality & Specification Evaluation- 20 Marks**		
i	Availability of Materials in store (at least all sample material in store)-	0	
ii	Meets all specifications (size, , strength, standards)	9	
iii	Nepal Standards (NS), ISO, or equivalent certifications	4	
iv	Warranty period, resistance to environmental conditions	2	
v	Past supply record within this project-2 (Proven track record in similar projects and location)-3	5	
2	**Payment period Credit Facility-10 Marks**		
i	Credit Period Offered (≥25 days (5), 15–20 days (3.5), ≤7 days (2))	6	
ii	Advance Requirement (No advance (3), partial advance (1), full advance (0))	3	

iii	**Financial Stability (Bank statement, turnover minimum of equal to project amount)**	**1**	
3	**Lead Time to Provide / deliver Goods / Materials -10 Marks**		
i	**Lead Time (≤7 days (6), ≤10 days (4), ≤15 days (1))**	**6**	
ii	**Logistics Capacity (Own transport, warehouse availability, Store Near to Project site)**	**2**	
iii	**Stock Availability (Ready stock-2, made-to-order-1)**	**1**	
iv	**Backup supply plan in case of disruption**	**1**	

२७. बोलपत्र स्वीकृतिको आशयको सूचना दिने	२७.१ संयुक्त/खरिद समितिले बोलपत्रको मुल्यांकन पश्चात उपभोक्ता समितिलाई खरिद प्रक्रियाका कागजात सहित सिफारिस गर्नु पर्नेछ । २७.२ उपभोक्ता समितिले कार्यक्रमबाट कार्य सहमति पत्र (No objection Letter) लिनु पर्नेछ । २७.३ कार्य सहमति पत्र (No objection Letter) प्राप्त भएपछि मात्र उपभोक्ता समितिले छनौट भएको दरभाउदातालाई बोलपत्र स्वीकृत भएको आसयको पत्र दिनु पर्नेछ ।
२८. बोलपत्र स्वीकृत गर्ने, सो को जानकारी दिने र सम्झौता गर्ने	२८.१ छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई कम्तिमा ५ दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिइने छ । वोलपत्र तथ्याङ्क विवरणमा कार्य सम्पादन जमानतको बारेमा उल्लेख भए सोको वारेमा पनि उल्लेख गर्नु पर्नेछ । तोकिएको मिति भित्र बोलपत्रदाता सम्झौता गर्न नआएमा सो भन्दा पछिको अर्को न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरि निजसंग खरिद सम्झौता गरिने छ । २८.२ खरिद सम्झौता सम्पन्न भए पछि खरिदकर्ताले बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताहरुलाई जानकारी पठाउनेछ ।
२९. कार्य सम्पादन जमानत	२९.१ बोलपत्र स्वीकृत भएको सूचना पाएको ५ दिनभित्र सफल बोलपत्रदाताले सम्झौता रकमको ५ प्रतिशत (मू. अ. कर सहित) ले हुने रकमको नेपाल राष्ट्र बैंकबाट “क” श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएका शर्त रहित कार्य सम्पादन बैंक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ । २९.२ कार्य सम्पादन जमानत (performance security) खरिदकर्ता समक्ष पेश गरी सम्झौता गरिसक्नु पर्नेछ । २९.३ माथि उल्लेखित समयावधिभित्र कार्य सम्पादन जमानत सहित बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिका क्रमश: अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्ने वा संयुक्त खरिद समितिको निर्णय बमोजिम हुनेछ ।
३०. सम्झौता गर्दा परिमाणमा हेरफेर गर्न सकिने	३०.१ खरिद सम्झौतामा उल्लेख गरिएको (आपूर्ति तालिका) सामाग्रीहरुको परिमाणमा कुनै शर्त वा मूल्यमा परिवर्तन नगरी परिमाण थपघट गर्ने अधिकार खरिदकर्तामा सुरक्षित रहने छ । ३०.१ सामाग्री आपुर्तिको करार अवधि भित्र सामाग्रीको परिमाणमा थपघट भएमा कवोल दरमा नै आपिुर्तिकर्ताले सामाग्री आपूर्ति गर्नु पर्नेछ ।
३१. बोलपत्रदाताको आचरण	३१.१ खरिद सम्झौताले निर्दिष्ट गरेको विषय, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको व्यवस्था बमोजिमको दायित्व निर्वाह गर्ने आपूर्तिकर्ताको जिम्मेवारी हुनेछ । ३१.२ बोलपत्रदाताले खरिद प्रकृयामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउन हुदैन:— - प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न, - तथ्य बंग्याइ वा झुक्याई पेश गर्न, - भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,

SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless

	- बोलपत्र सम्बन्धी काम कारबाईमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न, - खरिद कारबाईमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्न प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न, - बोलपत्रदाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्रका मूल्य कृतिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्न वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उदेश्यले बोलपत्र पेश गर्न भन्दा अघि वा पछि मिलोमता गर्न वा गुटबन्दीमा संलग्न हुन, - बोलपत्र खोलेको समय देखि बोलपत्र स्वीकृतिको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रको सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिद कार्यमा संलग्न व्यक्तिसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा बोलपत्रको मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न,
३२. नेपालमा उत्पादित वस्तुलाई ग्राहयता।	३२.१ नेपालमा उत्पादित मान्यता प्राप्त सामाग्रीहरुलाई आपुर्ति गर्न प्रोत्साहित गरिने छ।
३३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार खरिदकर्ताको हुने	३३.१ कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा खरिद आदेश प्रदान गर्नु अघि कुनै पनि समयमा सबै बोलपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा रहने छ। यसरी बोलपत्र रद्द गरिएको भएमा रद्द गरिएको कारण बोलपत्र पेश गर्ने सबै बोलपत्रदातालाई जानकारी दिईनेछ।
३४. भुक्तानी	३४.१ सक्कल भ्याट विल र सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी पश्चात भुक्तानी गरिनेछ। ३४.२ खरिदकर्ताको सुविधा वा अनुकुलता अनुसार पूर्ण वा आंशिक भुक्तानी गर्न सक्नेछ।

खण्ड ३

३.१ बोलपत्र तथ्यांक सम्बन्धी विवरण (bid data sheet)

बोलपत्रदातालाई निर्देशनको दफा	दफा न.	विवरण
खरिद गरिने विषयको क्षेत्र	ITB १	बोलपत्र सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन र परिमाणको सुचि अनुसारको सामाग्री आपूर्ति गर्ने **प्याकेज १ :** Deep Boring सम्बन्धी काम तथा सामाग्रीहरु
वोलपत्रदाताको ग्राह्यता	ITB ३	बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएका पुष्टयाई गर्न देहायका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ: (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, (ख) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्रको प्रतिलिपि (ग) आ.ब. 2082/2083 को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा म्याद थप सहितको प्रतिलिपि (घ) माग गरिए अनुसारको बैंक जमानत

बोलपत्रदातालाई निर्देशनको दफा	दफा न.	विवरण
बोलपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने	ITB ८	सम्भावित बोलपत्रदाताले बोलपत्र सम्बन्धमा द्विविधा भएमा देहायको इमेलमा स्पष्ट गर्न सुचना प्रकाशित भएको मितिले 3 दिन सम्म अनुरोध गर्न सक्नेछ: इमेल: jibrajregmi@sosec.org.np
बोलपत्र पेश गर्नु पूर्वको बैठक (Pre-bid meeting)	ITB ९	बोलपत्र पेश गर्नु पूर्वको बैठक हुने मिति र स्थान : मिति: २०८३ कार्तिक १३ गते (30 October २०२६), दिउसो ११ बजे स्थान: सोसेक नेपाल केन्दीय कार्यालय नारायण नगरपालिका-१, **दैलेख वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर वा अनलाइन माध्यम द्वारा पनि सहभागी हुन सकिनेछ ।**
बोलपत्रको मान्य अवधि	ITB १३	बोलपत्रको मान्य अवधि ५० **दिन**को हुनेछ ।
बोलपत्रको जमानत	ITB १४	**वैंक जमानतपत्र पेश गर्नु वा नगर्नु पर्ने उल्लेख गर्ने** वैंक जमानतपत्र पेश गर्नु पर्ने भएमा, जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : SOSEC Nepal Narayan Municipality-1, Dailekh जमानत रकम रु. : आफुले कबोल गरेको कुल रकमको २.५% ले हुन आउने रकम बराबर को बैंक जमानत पेश गर्नु पर्ने छ मान्य अवधि: ५० दिन छनौट हुने फर्मको हकमा र अन्यको हकमा १ हप्ता भित्र फुकुवा हुने (बोलपत्र खोलिने मिति देखि गणना हुनेगरी) जारी गर्ने वैंकको किसिम : नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट मात्र
बोलपत्र शिलवन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा	ITB १७	"Deep Boring सम्बन्धी काम तथा **सामाग्रीहरुको** आपूर्ति सम्बन्धी बोलपत्र" बोलपत्र माग गर्नेको नाम र ठेगाना: सोसेक **खरिद समिति, दैलेख** बोलपत्र पेश गर्ने फर्म, सस्था वा कम्पनीको नाम र ठेगाना: …………………………………..
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान	ITB १८	मिति: २०८३/०७/ १६ गते (२ November २०२६), समय: **दिउसो १ .०० बजे भित्र** स्थान: **सोसेक नेपाल, केन्द्रीय कार्यलय,नारायण नगरपालिका, दैलेखको कार्यालय, वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर, फोन नं 9841927211**
बोलपत्र खोल्ने मिति, समय, र स्थान	ITB १९	मिति: २०८३/०४/२० गते (०५ अगस्ट २०२६), समय: **दिउसो २.०० बजे** स्थान: सोसेक नेपाल, केन्द्रीय कार्यालय, नारायण **नगरपालिका**, दैलेखको कार्यालय **वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर**

बोलपत्रदातालाई निर्देशनको दफा	दफा न.	विवरण
कार्य सम्पादन जमानत (performance security)	ITB २९	कार्य सम्पादन जमानतपत्र पेश गर्नु पर्ने, जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : SOSEC Nepal Address: Narayan Municipality-1, Dailekh जमानत रकम रु. : आफुले कबोल गरेको कुल रकमको ५% ले हुन आउने रकम बराबर को बैंक जमानत पेश गर्नु पर्ने छ / मान्य अवधि: ५० दिन

३.२ मूल्याङ्कन र योग्यता मापदण्ड

आवश्यक फारम र कागजातहरू प्राविधिक बोलपत्रहरूको भाग हुनेछन् ।

क्र.सं.	विवरण	आवश्यकताहरू
१	फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि	अनिवार्य
२	मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्रको प्रतिलिपि	अनिवार्य
३	आ.ब. **2082/083** को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको प्रतिलिपि	अनिवार्य
४	माग गरिए अनुसारको बैंक जमानत	अनिवार्य
५	माग गरिए अनुसार मुल्य सुचीको तालिका	अनिवार्य

३.३ बोलपत्रदाताको जानकारी सम्बन्धी विवरण

(बोलपत्रदाताले बोलपत्र साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ)

आपूर्तिकर्ता, फर्म वा कम्पनिको

नामः ………………………………………………………………

ठेगानाः ………………………………………………………………

टेलिफोन नम्बरः ………………………………………………………………

ईमेलः ………………………………………………………………

बोलपत्रदाताले बोलपत्रमा हस्ताक्षर गर्न अधिकार दिएका व्यक्तिको

नामः ………………………………………………………………

ठेगानाः ………………………………………………………………

टेलिफोन नम्बरः ………………………………………………………………

ईमेलः ………………………………………………………………

खण्ड ४

४.१ सम्झौताका सामान्य शर्तहरु (general condition of contract)

१. परिभाषा	१.१ यस सम्झौतामा उल्लेख भएका निम्न शब्दहरुको अर्थ निम्न उल्लेख भए बमोजिम हुनेछन् : (क) "खरिद सम्झौता" भन्नाले खरिदकर्ता र आपूर्तिकर्ताबीच भएको सम्झौता र सम्झौतामा उल्लिखित अन्य कागजपत्रहरुलाई सम्झनु पर्दछ, (ख) "सम्झौता रकम" भन्नाले सम्झौता अन्तरगतको सम्पूर्ण काम सम्पादन गरे वापत आपूर्तिकर्तालाई भुक्तानी दिइनु पर्ने मूल्य सम्झनुपर्दछ, (ग) "सामाग्री" भन्नाले खानेपानी शुद्धिकरण सम्बन्धि सामाग्रीहरु भन्ने सम्झनुपर्छ,

	(घ) "खरिदकर्ता" भन्नाले खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भएको सामाग्री खरिद गर्ने सोसेक नेपाल सम्झनुपर्दछ, (ङ) "आपूर्तिकर्ता" भन्नाले यस सम्झौताको विशेष शर्तमा उल्लेख भएको सामाग्री आपूर्ति गर्ने व्यक्ति/फर्म/संस्था/कम्पनी वा त्यस्तो व्यक्ति/फर्म/संस्था/कम्पनीको कानूनी रुपले भएको उत्तराधिकारीलाई सम्झनु पर्नेछ, तर खरिदकर्ताको मन्जुरी विना कुनै प्रतिनिधि मान्य हुने छैन, (च) "स्पेशिफिकेशन (specification): भन्नाले खरिद सम्झौता बमोजिम आपूर्ति हुने सामाग्रीहरुको प्राविधिक विवरण सम्झनु पर्दछ, (छ) "मूल्य परिमाण सूचि" भन्नाले बोलपत्रको अंगको रुपमा रहेको मूल्य उल्लेख गरी तयार गरिएको सामाग्रीको परिमाण सुचि सम्झनु पर्दछ, (ज) " बोलपत्र" भन्नाले सामाग्री आपूर्ति गर्ने व्यवसायीले खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम सम्पूर्ण सामाग्री आपूर्ति गरी काम पूरा गर्न पेश गरेको दररेट सहितको प्रस्ताव भन्ने बुझिन्छ, (झ) " बोलपत्र स्वीकृति पत्र" भन्नाले खरिदकर्ताले बोलपत्र स्वीकृत गरी आपूर्तिकर्तालाई गराएको जानकारी सम्झनु पर्दछ, (ञ) "कार्यारम्भ मिति" भन्नाले सम्झौताको विशेष शर्तमा उल्लेख भएको मिति सम्झनु पर्दछ, (ट) "दिन" भन्नाले क्यालेण्डर (पात्रो) मा भएको दिन सम्झनु पर्दछ, (ठ) "कार्य सम्पादन अवधि (Work Performance Period)" भन्नाले कार्य आरम्भ मिति देखि खरिद सम्झौताको बिशेष शर्तमा उल्लेखित कार्य सम्पन्न गर्न तोकिएको समयावधि वा सो अवधिमा थप भएको अवधि समेत सम्झनु पर्दछ,
२. व्याख्या (interpretation)	२.१ "व्यक्ति वा पक्ष (party)" भन्नाले फर्म, संस्था/कम्पनी वा संस्था सम्झनु पर्दछss। एक वचन वा कुनै एक लैङ्गिक शब्दले वहुवचन वा अर्को लैङ्गिक शब्दलाई समेत जनाउँनेछ।
३. कागजातहरुको प्राथमिकता (priority of documents)	३.१ खरिद सम्झौतामा संलग्न कागजातहरु एक अर्कामा स्पष्ट हुनेछन्। कुनै कागजातमा अस्पsष्टता वा भिन्नता देखिन आएमा खरिदकर्ताले आपूर्तिकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ र कागजातहरुको प्राथमिकता खरिद सम्झौतामा उल्लेख गरिएको क्रम अनुसार हुनेछ।
४. लागु हुने कानुन (law)	४.१ यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछन्।
५. पत्र व्यवहार वा संचार (communication)	५.१ कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा अन्यथा ब्यवस्था भएकोमा वाहेक नेपाली भाषा वा अंग्रेजी भाषामा लिखित रुपमा गर्नु पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन। ५.२ कुनै सूचना पठांउदा त्यस्तो सूचना पाउने बोलपत्रदाता ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको अबस्थामा सो विषयको संक्षिप्त विवरण उल्लेख गरी राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशित भएकोमा त्यस्तो व्यक्ति वा पक्षले रीतपूर्वक सूचना पाएको मानिनेछ।
६. कानूनी दायित्व (statutory obligation)	६.१ आपूर्तिकर्ताले कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानून पालना गर्नु पर्नेछ। सामाग्री आपूर्ति गर्दा लाग्ने मूल्य अभिबृद्धि कर बाहेकका सवै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ।
७. भाषा	७.१ यो खरिद सम्झौता अन्तर्गत प्रयोग हुने भाषा नेपाली र आवश्यकता परेमा अंग्रेजी हुनेछ।

८. सूचनाको आदान प्रदान	८.१ सामाग्रीको खरिद सम्झौता कार्यान्वयनका क्रममा सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि खरिदकर्ता र आपुर्तिकर्ताको ठेगाना खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।
९. कार्य सम्पादन जमानत (Performance security)	९.१ आपूर्तिकर्ताले खरिद सम्झौता गर्नु अघि खरिदकर्ताबाट खरिद सम्झौता प्रदान गर्ने जानकारीपत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र खरिद सम्झौताको बिशेष शर्तमा उल्लेख भए बमोजिमको रकमको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेछ । ९.२ सामाग्री आपूर्ति गर्ने काम पूरा भएपछि कार्य सम्पादन जमानत फिर्ता गर्न आपूर्तिकर्ताबाट काम पूरा गरेको व्यहोरा सहितको दावी प्राप्त भए पश्चात कार्यसम्पादन जमानत वापतको रकम फुकुवा गरिनेछ ।
१०. गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण	१०.१. खरिदकर्तालाई आपूर्ति गरिने सामाग्रीहरु सम्झौतामा उल्लिखित स्पेसिफिकेशन बमोजिमको गुणस्तर भए नभएको निश्चित गर्न खरिदकर्ताको तर्फबाट थप शुल्क नव्यहोरी आबश्यकतानुसार निरीक्षण वा जाँच गर्न पाउने अधिकार हुनेछ । प्राविधिक स्पेसिफिकेशनमा उल्लेख भए अनुसारको मालसामान हो भन्ने निश्चित गर्न सम्झौताको विशेष शर्तमा उल्लिखित स्थानमा निरीक्षण वा परीक्षण गर्दा आवश्यकतानुसार सबै मालसामान वा सोको नमूना छनौट गरी गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ । १०.२ प्रत्येक पटक सामाग्री आपूर्ति हुँदा स्पेसिफिकेशन अनुसार भएको सुनिश्चित गर्न हेरेर, छामेर, तौल लिएर वा प्रयोगशालामा परीक्षण गरेर गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ । १०.३ निरीक्षण वा परीक्षणबाट अस्वीकृत सामाग्रीहरु आपूर्तिकर्ताले तुरुन्त फिर्ता लगी सोको सट्टा स्पेसिफिकेशन बमोजिमको सामान आपूर्ति गर्नु पर्नेछ । १०.४ सम्झौता अनुसारको गुणस्तरको सामाग्री उपलब्ध नगराएको पाइएमा सम्भौता रद्द समेत गर्न सकिनेछ । १०.५ निरीक्षण वा परीक्षण गर्दा खरिदकर्ता र आपूर्तिकर्ता वीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद सम्झौताको सामान्य शर्तको दफा १३ को प्रकृया बमोजिम समाधान गर्नु पर्नेछ
११. प्याकिङ्ग	११.१ आपूर्तिकर्ताले आपूर्ति गरिने सामाग्रीहरु खरिद सम्झौतामा अन्तिम गन्तब्य भनी उल्लेख भएको स्थानसम्म पुऱ्याउनका लागि पठाउने क्रममा हानी नोक्सानी नहुने र गुणस्तर नबिग्रने गरी उपयुक्त किसिमबाट प्याकिङ्ग गराउनु पर्नेछ । ११.२ सामाग्री ढुवानीको क्रममा लोड अनलोड गर्न उपयुक्त तरिका नअपनाइदा, बढी तापक्रमका कारण मालसामानमा पर्ने प्रभाव, खुला ठाउँमा राख्दा पर्ने असरहरु समेतबाट बचाउने गरी प्याकिङ्गको व्यवस्था गर्नु पर्ने छ । ११.३ सामाग्रीको प्याकिङ्ग गर्ने तरिका, प्याकिङ्ग भित्र र वाहिर उल्लेख गर्नुपर्ने विवरण, संकेत चिन्ह जस्ता विशेष आवश्यकताहरु आवश्यकता अनुसार उल्लेख गरिएको हुनुपर्नेछ ।
१२. सामाग्रीको आपूर्ति	६.१. "सामाग्रीको आवश्यकता सम्बन्धी तालिका" मा उल्लेख भए बमोजिमको सामाग्रीको आपूर्ति हुनु पर्नेछ ।
१३. भुक्तानीको मुद्रा	१३.१ सामाग्रीको आपूर्ति भुक्तानी नेपाली रुपैयामा मात्र गरिनेछ ।
१४. भुक्तानी	१४.१ सम्झौता अवधिभर कुनै पनि किसिमको पेश्की भुक्तानी गरिने छैन । आपूर्तिकर्ताले सामाग्री आपूर्ति गरे वापतको रकम भुक्तानी दावी गर्दा खरिद सम्झौतामा उल्लेखित मूल्य भन्दा फरक हुनु हुँदैन ।

	१४.२ सामाग्री खरिद सम्झौता बमोजिम आपूर्ति भई खरिदकर्ताले स्वीकार गरे पछि आपूर्तिकर्तालाई भुक्तानी **एक महिना** भित्र गर्नेछ।
१५. खरिद आदेशमा परिवर्तन	१५.१.खरिदकर्ताले सम्झौता अवधिभर सम्झौतामा उल्लेख गरेको शर्तहरु र कवोल गरेको दररेट परिवर्तन नहुने गरी थप सामाग्री आपुर्तिका लागि आदेश दिन सक्नेछ। आपुर्ति गर्ने अवधि आपसि समझदारीमा गर्नु पर्ने छ।
१६. विवाद समाधान	१६.१. खरिद सम्झौता कार्यान्वयनको क्रममा खरिदकर्ता र आपूर्तिकर्ताको वीचमा विवाद वा मतभिन्नता उत्पन्न भएमा दुवै पक्षको आपसी छलफलबाट पारस्परिक सहमतिमा विवाद समाधान गर्न अत्यधिक प्रयत्न गर्नु पर्नेछ। १६.२ विवाद समाधान नभएमा खरिदकर्ता र आपूर्तिकर्ताको सहमतिमा दोस्रो पक्षको सहयोगमा पनि समाधान गर्न सकिनेछ। यसबाट पनि समस्या सामाधान नभएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम समाधान खोजिने छ।
१७. सम्झौताको समाप्ती	१७.१ आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सम्झौता अन्त गर्न सकिने छ। आपूर्तिकर्ताले काम नगरेको कारणबाट सम्झौताको अन्त हुदा खरिद सम्झौता बमोजिमको काम गराउन लाग्ने थप खर्च वापतको दायित्व आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ।
१८. मूल्य समायोजन	१८.१ सामाग्री खरिदमा मूल्य समायोजन हुने छैन।
१९. कर तथा शुल्क	१९.१.नेपाल सरकारले लगाएका मूल्य अभिबृद्धि कर बाहेकका सबै किसिमका कर, शुल्क, इजाजत दस्तुर आदिका सम्बन्धमा आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ।
२०. कालो सुचिमा राख्न सकिने	२०.१ देहायको अबस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भिरताको आधारमा खरिदकर्ताले कालो सूचिमा राख्न सक्नेछ :— (क) बोलपत्रदातालाई निर्देशनको दफा ३१ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा, (ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा, (ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, (घ) योग्यता झुठ्ठा वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा।
स्वार्थको द्वन्द्व (Conflict of Interest)	Deep Boring सम्बन्धी काम तथा सामाग्री खरिद प्रक्रियाको क्रममा, कुनै पनि बोलपत्रदाताले आफूले वा आफ्ना अधिकारी, कर्मचारीले अभियान नेपालको हित र बोलपत्र दाताको हितबीच वास्तविक, सम्भावित, वा देखिने गरी स्वार्थको द्वन्द्व उत्पन्न गर्ने किसिमको कार्य नगर्ने सुनिश्चित गर्नुपर्छ। यदि खरिद प्रक्रियाको कुनै पनि चरणमा वा अभियान नेपालसँगको कुनै पनि सम्झौता कार्यान्वयनको क्रममा स्वार्थको द्वन्द्व उत्पन्न हुन्छ वा उत्पन्न हुने सम्भावना देखिन्छ भने, बोलपत्र दाताले तुरुन्तै लिखित रूपमा अभियान नेपाललाई सूचित गर्नुपर्छ। साथसाथै बोलपत्रदाताहरुले निम्न उल्लेखित प्राबधानहरु निश्चित गर्नु पर्ने हुन्छ- आधुनिक दासत्व ऐन २०१५, Inter Agency Procurement Group (IAPG) द्वारा विकसित आचारसंहिता र मानकहरु।
आचारसंहिता र संरक्षण नीति	**संस्थाको आचारसंहिता (Institutional Code of Conduct)** आपूर्तिकर्ता र यसका कर्मचारीहरूले सामग्री आपूर्ति र डेलिभरीको क्रममा SOSEC नेपाल **व्यवसायीक आचारसंहिता (Professional Code of Conduct)** र **बाल तथा कमजोर व्यक्ति संरक्षण नीति (Child and Vulnerable Adults Safeguarding Policy)** को पूर्ण पालना गर्नुपर्नेछ। कुनै पनि प्रकारको दुर्व्यवहार वा अनैतिक कार्यलाई सहन गरिने छैन।
वातावरणीय अनुपालन	आपूर्तिकर्ताले वातावरणमा न्यूनतम असर पर्ने गरी उत्पादन र डेलिभरी प्रक्रियाहरू अवलम्बन गर्नुपर्नेछ, र प्याकेजिङ्गको फोहोर व्यवस्थापनमा सहयोग गर्नुपर्नेछ।

खण्ड ५

५.१ सम्झौताका विशेष शर्तहरु (special condition of contract)

दफा	दफा नं.	विशेष शर्तहरु
सूचनाको आदान प्रदान	ITB १८	**खरिदकर्ताको नाम: ……………..** ठेगाना:……………… फोन नं.:………………… इमेल ठेगाना:…………… **आपुर्तिकर्ताको नाम :…………..** ठेगाना:………………… फोन नं.……………….. इमेल ठेगाना:………………..
कार्य सम्पादन जमानत	ITB १४	कार्य सम्पादन जमानत रकम:......... (मु.अ.कर सहितको कुल सम्झौता रकमको ५ प्रतिशतले हुन आउने रकम)
गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण	ITB ११	Deep Boring सम्बन्धी काम तथा सामाग्रीको गुणस्तर परीक्षण हुने स्थानको नाम र ठेगाना: स्थानको नाम: बडाचौतारा होल्डिङ सेन्टर ठेगाना: बिदुर नगरपालिका-५ (सामाग्रीको गुणस्तर निरीक्षण र परीक्षण हुने स्थानको नाम र ठेगाना उल्लेख गर्ने)
थप खरिद आदेश	ITB ३०	- खरिद सम्झौतामा उल्लेख गरिएको (आपूर्ति तालिका) सामाग्रीहरुको परिमाणमा कुनै शर्त वा मूल्यमा परिवर्तन नगरी परिमाण थपघट गर्ने अधिकार खरिदकर्तामा सुरक्षित रहने छ। - सामाग्री आपुर्तिको करार अवधि भित्र सामाग्रीको परिमाणमा थपघट भएमा कवोल दरमा नै आपुर्तिकर्ताले सामाग्री आपूर्ति गर्नु पर्नेछ।

खण्ड ६

६.१ प्राविधिक विशिष्टीकरण (Technical Specification)

सामाग्रीहरुको विस्तृत प्राविधिक विवरण (स्पेसिफिकेशन) यस प्रकार छ: Field verifications पश्चात सामाग्रीहरुको recommendation गरिने छ।

खण्ड ७

७.१ बोलपत्र फारम र मूल्य तालिका

७.१.१ बोलपत्र पेश गरेको निवेदन

मिति: ....

श्री .... सोसेक नेपाल खरिद समिति,

महोदय,

हाम्रो मन्जुरी भएकोले यो बोलपत्र पेश गरेका छौ ।

- यो बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने तोकिएको अन्तिम मिति देखि १५० दिन रहने छ ।
- यो बोलपत्र र खरिदकर्ताबाट दिईएको बोलपत्र स्वीकृतिको पत्रले हामी दुई सम्झौता गर्न बाध्य हुनेछौ ।
- हाम्रो बोलपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम सामाग्री आपूर्ति गर्नेछौ साथै कार्यसम्पादन गर्ने सुनिश्चतता स्वरुप कुल सम्झौता रकमको **५ प्रतिशत** रकम बराबरको कार्यसम्पादन जमानत खरिदकर्ताले माग गरे अनुसारको ढाँचामा उपलब्ध गराउने छौं ।
- प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि बोलपत्रदाताको बोलपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौं ।
- **हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौ ।**
- साथै माग गरिए वमोजिमका कागजातहरु बोलपत्रसाथ संलग्न गरी पेश गरेका छौं ।

भवदिय

हस्ताक्षर:..................................
हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति वा प्रतिनिधिको नाम: ....

पद ....

फर्म, संस्था वा कम्पनीको नाम: ....

फर्म, संस्था वा कम्पनीको छाप:........................

७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचि:

(सामाग्रीको दर प्रस्ताव गर्दा तोकिएको स्थान सम्मको ढुवानी, लोडिङ, अनलोडिङ, वीमा सहित सम्पुर्ण लागत समावेस गरिएको हुनु पर्ने छ)

सोसेक नेपाल (SOSEC Nepal)

शिलबन्दी दरभाउपत्र आव्हान फाराम

खरिद माग नं.		शिलबन्दी दरभाउपत्र आवह्नन गरिएको मिति		**27 October 2026**
		शिलबन्दी दरभाउपत्र फिर्ता गर्नु पर्ने मिति		**02 November 2026**
आपुर्तिकर्ताको नामः		शिलबन्दी दरभाउपत्र फिर्ता गर्नु पर्ने		सोसेक, नेपाल **नारायण न.पा. १ दैलेख वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर**
सम्पर्क व्यक्ति		सम्पर्क व्यक्ति		
ईमल		ईमल		
फोन		फोन		**089-410187**
फ्याक्स		फ्याक्स		**089-410187**
मोवाईल		मोवाईल		**9844897786**
ठेगाना		ठेगाना		नारायण न.पा.१, दैलेख **वा सोसेक नेपाल, शाखा कार्यालय, ललितपुर**
भ्याट/प्यान नम्बर		गुनासो तथा सुझावको लागी		**Toll Free No: 16608942001/9801574888**
सामग्री आवश्यक मिति		Deep Boaring सम्बन्धी काम तथा सामाग्री खरिद आदेश प्राप्त भएको १0 दिन भित्र		
डेलिभरि गर्ने स्थान		Bidur Municipality -5, Badachautara Holding center		
डेलिभरी माध्याम		सप्लायर्स		
भूक्तानीका सर्त	क	सप्लायर्सद्वारा तोकिएको स्थानमा ढुवानी गरि प्राविधिक द्वारा चेकजाँच भै सामाग्री हस्तान्तरण भएको १५ भित्र		
				आपुर्तिकर्ताले भर्नु पर्ने

उपकरण/सामग्रीको नाम	उपकरण /सामग्रीको बिशिष्टीकरण	एकाई	प्रति एकाई संख्या	अनुमानित संख्या (१)	मुद्रा	**ब्राण्ड/कम्पनिको नाम र स्पेशिफिकेशन**	प्रति एकाई मुल्य (२)	प्रति एकाई मुल्य **अक्षरमा**	जम्मा मुल्य (१*२)
	समुह क : Deep Boring सम्बन्धी काम तथा सामाग्रीहरु ढुवानी नगरपालिका सम्म गर्ने ।								

S.N.	Details of work	No.	Qty	Unit	Rate	Amount	Remarks
1	Supply of Well Materials						
1.1	Supply and installation work of 200 mm ND mild steel ERW Boring pipe of thickness 7 mm or above having beleved ends as per specification.	1	25	mtr			
1.2	Supply and installation work of 200 mm ND mild steel ERW slotted screen pipe of thickness 7 mm or above as per specification.	1	15	mtr			
1.3	Supply and installation work of 150 mm ND mild steel ERW casing pipe of thickness 7 mm or above having beleved ends as per specification.	1	65	mtr			
1.4	Supply and installation work of 150 mm ND mild steel ERW slotted screen pipe of thickness 7 mm or above as per specification.	1	20	mtr			
1.5	Supply and installation work of 200 mm dia. 7 mm thick mild steel top cap as per specification.	1	1	set			
1.6	Supply and installation work of 200*150 mm dia. heavy mild steel reducer as per specification	1	1	set			
1.7	Submersible pump with panel board, cables and installation as for NEA Creita area	1	1	LS			
1.8	HDPE supply pipes , sockets, elbow, Non return valves etc.	1	1	LS			
Sub Total (1) :							
2	Execution of work						
2.1	Camp setting, site preparation, rig setting up and preparation of Mud pit work supply of all labour, materials, equipment’s, spare part and all other necessary tools for complete execution of the work with total transportation .	1	1	well			

2.2	Drilling of pilot hole work by standard bit ranging from 7250mm drilling dia in including supply of labour, materials, equipment's and all other necessary spare part for complete execution of the work.	1	125	mtr			
2.3	Reaming work by standard bit of 13 3/4" dia in required depth including supply of labour, materials, equipment's and all other necessary spare part for complete execution of the work.	1	125	mtr			
2.4	Lowering of pipe(8"/6"in dia.) assembly work ncluding supply of labours, materials, equipment and all necessary spare parts for complete execution of the work including pea gravel packing.	1	125	mtr			
2.5	Well development work air compressor as per specification including supply of labour, material, equipment's and all necessary spare parts for complete execution of the work.	1	1	well			
2.6	Well development work by water Pump test step drow down test including supply of labour, materials, equipments and all necessary spare parts for complete execution of the work.	1	1	well			
Sub Total (2) :							
3	Finishing of work						
3.1	Water Quality Test	1	2	Set			
3.2	Providing and installation auto dosing cholirine unit base on the water quality test	1	1	Set			
3.3	water tank 1000 ltr with fitting and installation	1	2	No			
Total Amount (1+2+3):							
VAT 13% of Total Amount:							
Grand Total							

सामग्री अर्डर गरेको मितिले र सामग्री उपलव्ध गराउन सक्ने अवधी (दिन हप्ता महिना उल्लेख गर्ने)		
	आपुतीकर्ता सम्बधि अन्य थप सुचना	

आपुर्तिकर्ताको स्वीकृती			आपुर्तिकर्ताको छाप
नामः			
पदः			
दस्तखतः			
मितिः			

कुल जम्मा रकम अक्षरमा: ....

....

....

हस्ताक्षर:...................................
हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति वा प्रतिनिधिको नाम: ....
पद ....
फर्म, संस्था वा कम्पनीको नाम: ....
फर्म, संस्था वा कम्पनीको छाप:.........................

खण्ड ८

८.१ Deep Boring सम्बन्धी काम तथा सामाग्री ढुवानी तथा ढुवानी तालिका (delivery schedule and transportation)

- आपूर्तिकर्ताले तपशिलमा उल्लेखित स्थान र समयावधि भित्र सम्पुर्ण सामाग्रीहरु ढुवानी गरि सक्नु पर्ने छ।

सामग्री ढुवानी गर्नु पर्ने स्थान

सि.नं.	सामग्री ढुवानी गर्नु पर्ने स्थान	ढुवानी तालिका	ढुवानी गर्नु पर्ने समयावधि
पहिलो लट			
१	बिदुर नगरपालिका-५, बडाचौतारा होल्डिङ सेन्टर	सम्पूर्ण सामग्री	खरिद आदेश पाएको १० दिन भित्र

- सामाग्री ढुवानी गर्दा लाग्ने सम्पुर्ण खर्च (सामाग्रीको विमा, लोड/अनलोड, नियमानुसारको कर) आपूर्तिकर्ताले वेहोर्नु पर्ने छ।
- सम्पुर्ण सामाग्रीहरु माथि उल्लेखित स्थानसम्म ढुवानी गरि प्राविधि चेक जांच गराई उपभोक्ता समितिको जिम्मेवार ब्यक्तिलाई निर्माण सामाग्रीहरु हस्तान्तण गर्नु पर्नेछ।
- कुनै कारणवस आपूर्तिकर्ताले तोकिएको समयमा सामाग्री आपुर्ति गर्न नसकेमा उपयुक्त कारण सहित ढुवानीको म्याद थपका लागि आग्रह गर्न सक्नेछ। तर आपूर्तिकर्ताको लार्पवाही वा आपूर्तिकर्ताले पेश गरेको कारण उपयुक्त नलागेमा सोसेक खरिद समितिले म्याद थप्न वाध्य हुने छैन।

खण्ड ९

९. नमूना फारमहरु

९.१ सोसेक नेपाल र आपूर्तीकर्ता बीच हुने खरिद सम्झौता पत्रको नमूना

सोसेक नेपाल

र

.... आपूर्तिकर्ता

वीच सामाग्री आपुर्तिका लागि भएको

सम्झौता पत्र

यस सोसेक नेपाल र .... आपूर्तिकर्ता (यस पछि सप्लायर भनिने) वीच .... मितिमा .... सामाग्री सप्लाई गर्नको लागि बोलपत्रमा उल्लेखित शर्त वमोजिम मन्जूर भई यो सम्झौता गरिएको छ।

दुवै पक्षले पालना गर्न मञ्जूर गरिएका शर्तहरु :

१. संलग्न परिमाण वमोजिमको निर्माण सामाग्रीहरुको सम्झौता कबोल रकम जम्मा रु. .... (अक्षररुपि: ....) हुनेछ। सम्झौता अवधिभर कवोल गरिएको सामाग्रीको दरमा हेरफेर गरिने छैन।

२. संलग्न परिमाण वमोजिमको निर्माण सामाग्रीहरु .... तोकिएको स्थानमा मिति .... सम्ममा सप्लायरले गरीसक्नु पर्नेछ। निर्धारित समयभित्र सप्लाई नभएमा यो सम्झौता सोसेक नेपाल खरिद समितिले रद्द गर्न सक्नेछ। *(सामाग्री ढुवानी गर्ने समय र स्थान सूचना तथा बोलपत्रमा उल्लेख गरिए अनुसार राख्ने, लट अनुसार सामाग्री ढुवानी गर्नु पर्ने भएमा सो को तालिका वनाएर राख्ने)*

३. उक्त सामाग्रीहरुको ढुवानी लागत सामाग्रीको दरमा समावेस भएकोले ढुवानीको सम्पूर्ण जिम्मेवारी सम्बन्धित सप्लायरको हुनेछ र सोसेक नेपालले थप कुनै ढुवानी खर्च व्यहोर्ने छैन।

४. सप्लाई गरिएको सामाग्रीहरु बोलपत्रमा संलग्न परिमाण, गुणस्तर र तौलको हुनु पर्नेछ। यदि सामाग्री सप्लाई भैसकेपछि प्राविधिकले चेकजांच गर्दा गुणस्तर (स्पेसिफिकेसन अनुसार) कायम नभएको पाइएमा उक्त सामाग्री सप्लायर आफ्नै खर्चमा फिर्ता लगि पुन: गुणस्तरको सामाग्री आपुर्ति गर्नु पर्ने छ। कमसल गुणस्तर भएको सामाग्रीको भुक्तानी गर्न सोसेक नेपाल वाध्य हुने छैन। सामाग्री ढुवानीको क्रममा कुनै क्षती भएमा सो को जिम्मेवारी सप्लायरको हुनेछ। क्षतीग्रस्त सामान वा विग्रेको सामान सोसेक नेपाल र उपभोक्ता समिति बूझ्न वाध्य हुने छैन।

५. सामान सप्लाई भैसकेपछि सम्बन्धित रोडहेडमा प्राविधिकवाट सामाग्री जांच भै प्रमाणित गरेपछि मात्र आपूर्तिकर्तालाई भुक्तानी चेक मार्फत गर्नेछ।

६. सप्लायरले ....सोसेक नेपाल नाममा भ्याट विल जारी गर्नुपर्नेछ, साथै केरमेट/सच्याएको/टिपेक्स लगाएको/परिमाण तथा रकम स्पष्ट नभएका विलहरू स्वीकार गरिने छैन।

७. सोसेक नेपाल सरकारको नियमानुसार कर योग्य रकमको अग्रीम आयकर कट्टीगरी सप्लायरलाई भुक्तानी गर्नेछ। उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायरलाई उपलव्ध गराइनेछ।। उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायरलाई उपलव्ध गराइनेछ।

८. बोलपत्रमा उल्लेख भएको दरको वैधता अवधि कायम रहे सम्म यदि उपभोक्ता समितिलाई थप सामाग्री आवश्यक भएमा थप सामाग्री आपुर्ति गर्नका लागि कार्यादेश दिन सक्नेछ। थप कार्यादेश अनुसारको सामाग्री सप्लाईका लागि सामाग्री ढुवानी मिति आपसी समझदारीमा तय गरिने छ।

९. अन्य शर्तहरुको हकमा बोलपत्र/ बोलपत्रमा उल्लेख गरेका शर्तहरु र सो मा नभएको हकमा सोसेक नेपाल कार्यक्रमको खरिद कार्यविधि वमोजिम हुनेछ।

यो सम्झौता दुवै पक्षले एक एक प्रति बुझि लियौं दियौं।

इति सम्वत् .... साल .... महिना .... गते रोज .... शुभम्।

सम्झौता भएको स्थान : ... ...

आपूर्तिकर्ताको तर्फवाट

आपूर्तिकर्ताको नाम :..........

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :..........

सोसेक नेपालको तर्फवाट

....

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :..........

साक्षी :

१. .... २. ....

बोधार्थ:

१. श्री लेखा / लजिस्टिक शाखा, सोसेक नेपालको परियोजना कार्यालय नलगाड नगरपालिका, दल्ली- जाजरकोट

संलग्न गरिएको कागजातहरु:

१. स्वीकृत परिमाण र मुल्य सूची

स्वीकृत परिमाण र मुल्य सूचीको विवरण

सि.नं.	सामाग्रीको नाम	इकाई	परिमाण	दर	जम्मा मुल्य	कैफियत
१						
२						
				जम्मा मुल्य		
				भ्याट		
				कूल जम्मा मुल्य		

आपूर्तिकर्ताको तर्फवाट

....

आपूर्तिकर्ताको नाम :..........

पद :..........

मिति:..............

छाप :..........

सोसेक नेपालको तर्फवाट

....

बुझिलिनेको नाम :..........

पद :..........

मिति:.............

छाप :..........

उजुरी:

यदि तपाईंले कुनै अधिकार उल्लङ्घन वा भ्रष्टाचारको कुनै घटना देख्नुभयो भने, कृपया हामीलाई यहाँ सम्पर्क गर्नुहोस्:

cfm@sosec.org.np / complaints@irworldwide.org